महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं. २६

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ईलाम ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलत: पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: २०७५।०७६- ५

श्री प्रमुखज्यू,
रोङ् गाउँपालिका,
इलाम ।

मिति: २०७५।१२।४

विषय: लेखापरीक्षण प्रतिवेदन ।

यस कार्यालयबाट रोङ् गाउँपालिकाको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार- कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु. ४० लाख ६९ हजार बेरुजू देखिएको छ । सोमध्ये असूल गर्नुपर्ने रु.७ लाख २४ हजार, नियमित गर्नुपर्ने रु. ३३ लाख ४५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ६ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय- कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

२०७५।१२।५

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

रोङ् गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।०७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यसको उद्धेश्य रहेको छ । यो गाउँपालिकाअर्न्तगत ६ वडा ३३ सभा सदस्य, १९२.९ व.कि.मी. क्षेत्रफल, २१७९८ जनसंख्या तथा १ नम्वर प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोषः आर्थिक वर्ष २०७४।७५ को स्थानीय संञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		७६,१३,८४५।८५	१	सञ्चितकोष खर्च		२६,२७,४७,२८९।८४
	क) नगद	३६,४२३।००			क)चालु खर्च	१५,७७,४५,०८३।३६	
	ख) बैंक	७५,७७,४२२।८५			ख)पूँजीगत खर्च	१०,५०,०२,२०६।४८	
२	राजस्व (आन्तरिक आय)		१८,४८,२५४।१४	२	निकासा फिर्ता		५२,७३,३८५।७९
३	संघीय सरकार अनुदान		२३,८२,२५,०००।००	३	वडा कार्यालय खर्च		२४,६७,२४९।००
	क)वित्तीय समानीकरण	१,५०,००,३०००।००		४	मौज्दात		३,८९,७३,५१५।३६
	ख) सशर्त अनुदान	८,८२,२२,०००।००			क)सञ्चितकोष बैंक मौज्दात	१,९४,३९,७६९.९२	
४	केन्द्रीय कार्यक्रम		५,५०,०३,५००।००		ख)चालुखर्च खाता बैंक मौज्दात	३८,१९,१७३.४०	
५	वाह्य अनुदान		१५,९९,२५३।००		ग)पूँजीगत खर्च खाता बैंक मौज्दात	१,५३,३३,०४१।२२	
६	बेरुजू आम्दानी		२,५०,०००।००		घ)नगद मौज्दात	२,८२,९७४।८२	
७	साट्न बाँकी चेक		४८,३३,६१७।००		ङ)धरौटी बैंक मौज्दात	१७,४३१।००	
८	बैंकबाट फिर्ता रकम		८८,०००।००		च)कर्मचारी कल्याण कोष	७२,१२५।००	
					छ)वडा १,५,६	९,०००।००	
				५	कलेक्सन दस्तुर		३०।००
	जम्मा		३०,९४,६१,४६९।९९				३०,९४,६१,४६९।९९

	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१.	**लक्ष्य तथा प्रगतीः** कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगती तयार गर्नुपर्दछ । लेखापरीक्षणमा उपलव्ध विवरण अनुसार मुल/सहायक कार्यक्रम अर्न्तगत ३१६ कार्यक्रम सम्पन्न गर्ने लक्ष्य लिएकोमा १९ योजना शुन्य प्रगती गरेको १ कार्यक्रम ५० प्रतिशत मात्र प्रगती गरेको सो बाहेक २९६ कार्यक्रम ७५ प्रतिशत भन्दा बढी सम्पन्न गरेको प्रगती विवरण बाट देखिएको छ । स्वीकृत सम्पुर्ण योजनाहरु समयमै सम्पन्न गरी लाभग्राहीलाई दिइने सेवालाई प्रभावकारी बनाउनतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको देखिएन । प्रचलित नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।	
३.	**विषयगत कार्यालयः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ मा गाउँपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायबाट सञ्चालन	

भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ति संरचना जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउँपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था रहेको छ । गाउँपालिका गठन हुँदा गाउँविकास समिति गाभिएकोमा स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाहरुको लगत तयार गरी यस गाउँपालिकाले सार्वजनिक गरेको देखिएन । गठन आदेश बमोजिम गाउँपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गर्नुपर्दछ ।

४. **कर्मचारी कल्याणकोष:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम सो कोषमा गतवर्ष सम्म रु.७२,२१५।- रकम मौज्दात रहेकोमा सभाको निर्णयानुसार यो आर्थिक वर्षमा एकमुष्ठ रु.५,००,०००।-थप गरेको छ । उक्त रकम चालु खर्च खातामानै जम्मा रहेकोले कर्मचारी कल्याण कोष खातामा जम्मा गर्नु पर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्ने असूल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा तोकेता पनि चौमासिक रुपमा सम्पन्न गर्नुपर्ने आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा १ पटकमात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको छ । कार्यालयले प्रभावकारी ढंगबाट आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजू समयमै फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

५.१. कार्यालयले यस वर्ष आन्तरिक लेखा परीक्षणबाट औंल्याएका बेरुजू हाल सम्म लगत कट्टा नगराएकोले ऐनको निर्दिष्ट व्यवस्थाको पालना नभई कायम रहेका आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका बेरुजू असूल फछ्र्यौट गर्नु पर्दछ ।

आन्तरिकप्रतिवेदनको सि.नं.वा व. शि. नं.	बेरुजू व्यहोरा	रकम
वित्तीय समानिकरण चालु र पूजिगत समेत	सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७.१२(११)बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्थाको पालना नगरेको ।	
	उपभोक्ता समितिबाट सञ्चालन गरीने विकास निर्माणका कार्यमा जनसहभागिता रहेका ज्यामीहरुको डोर हाजीरी व्यवस्थापन नगरिएको र एक्साभेटर प्रयोगको लगबुक नराखेको ।	
	प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी तोकिए बमोजिम सोहि दिन वा भोली पल्ट बैंक दाखिला गर्नु पर्ने व्यवस्थाको पालना गरेको देखिएन ।	

६. **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (६) मा विकास आयोजना तर्फ योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयारगरी स्वीकृत गराई बजेटमा निर्धारित गरिएको रकम निकासा लिई नियमानुसार खर्च गर्ने र समयमै निर्धारित खरिद तालिका अनुसार माल सामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पन्न गर्नु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले यस वर्ष पूँजीगत खर्च अन्तर्गत निम्न अनुसारको कार्यक्रममा प्रत्येक चौमासिकको लागि तोकिए अनुसारको खर्च व्यवस्थापन गर्न नसकी तेश्रो चौमासिकमा कुल खर्चको ७७.८६ प्रतिशत खर्च गरेको छ । तेश्रो चौमासिकमा मात्र खर्चको चाप बढेकोमा कामको गुणस्तरमा प्रभावपर्ने देखिएकोले तोकेको समयमा निर्माणकार्य सम्पन्न गर्नुपर्दछ ।

(रु.हजारमा)

व.शि.नं.	खर्च	प्रथम चौमासिक	दोश्रोचौमासिक	तेश्रो चौमासिक	आषाढ
समानिकरण	१०,३०,१३	१५,९१	२,१६,४९	७,९७,७४	६५,५१
एल.जि.सि.डि.पि	५,९५	०	०	५,९५	५,९५
गरिवसंग विशेश्वर	२,६०	०	०	२,६०	२,६०

करुणा फाउण्डेशन	७,३४	०	०	७,३४	६,८९
प्रदेश सरकार ससर्त	४,००	०	०	४,००	४,००
जम्मा	१०,५०,०२	१५,९१	२,१६,४९	८,१७,६२	८४,९५

७. ***उपभोक्ताको कार्य**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही* समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरीका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ ।

यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

८. **बढी भुक्तानी**: २३/०७४।९।१२, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाच गर्नु पर्ने उल्लेख छ । वार्ड नं. ६ बाट कार्यालय लक्षित विद्युत विस्तार कार्यक्रम अन्तर्गत उपभोक्ताले रु.५,१०,४८०।०० मा विद्युत उपकरण खरिद गरेको विल भर्पाई पेश गरेकोमा प्राविधिक प्रतिवेदनमा रु.६,६६,२७९।०८ उल्लेख गरी रु.६,००,०००।०० भुक्तानी दिएको देखियो । यसरी उपभोक्ताले पेश गरेको सामान खरिदको वास्तविक विल भन्दा प्राविधिकले बढी रकमको विल तयार गरी बढी भुक्तानी दिएको रकम असूल गर्नु पर्दछ । १,००,०००.००

८.१. वडा नं. ६ मा वडा स्तरीय विद्युतीकरण कार्यक्रम सञ्चालन गर्दा उपभोक्ताले विद्युत सामाग्री खरिद गर्दा विल बमोजिमको मूल्य अभिवृद्धि कर भुक्तानी दिनुपर्नेमा प्राविधिक प्रतिवेदनमा सो भन्दा बढी रकमको मूल्य अभिवृद्धि कर समावेश गरी भुक्तानी दिएकोले कर विजकमा उल्लेख भए भन्दा बढी भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम असूल गर्नु पर्दछ । ४७,५०४.८७

गो.भौ.नं. र मिति	विल रकम	मूल्य अभिवृद्धि रकम	भुक्तानी भएको मूल्य अभिवृद्धि रकम	बढी रकम
२३-२०७४।९।१२	४,९४,९४०।००	५६,९४०।००	७६,६५१।५८	१९,७११।५८
३६-२०७४।१०।११	५,११,८८३।८०	३१,०९६।००	५८,८८९।२९	२७,७९३।२९
			जम्मा	४७,५०४।८७

८.२. वडा नं. ६ मा रम्पाङ्ग खेल मैदान निर्माण उपभोक्ता समितिलाई माटो खन्ने कार्यको लागि मानिसद्वारा निर्माण कार्य गरेको भनि सोही दरमा रु.४,८५,०००।०० भुक्तानी दिएकोमा पेश भएको निर्माण स्थलको फोटो समेतको अध्ययन गर्दा उक्त निर्माण कार्यमा एक्जाभेटर प्रयोग भएको देखियो । यसरी मेशिनद्वारा भएको काममा मानिसद्वारा भएको जनाई नापजाच गर्ने सम्बन्धित प्राविधिकलाई जिम्मेवार वानाई वास्तविक खर्च रु.९२,५९८।२४ भन्दा वढी भुक्तानी भएको रु.३,९२,४०१।७६ असूल गर्नु पर्दछ । ३,९२,४०१.७६

कामको विवरण	परिमाण घ.मि.	मानिसद्वारा निर्माण गराउदाको दर	रकम	मेशिन प्रयोग गर्दाको दर	रकम	फरक
नरम माटो खन्ने कार्य	१३०२	२८३।२५	३६८७९१।५०	३९।१२	५०९३४।२४	३१७८५७।२६
कडा माटो खन्ने काय	८६८	३३९।९०	२९५०३३।२०	४८।००	४१६६४।००	२५३३६९।२०
					जम्मा	५७१२२६।४६

९. **योजना तर्जुमा**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो क्षेत्र

भित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोगहुने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने र दिगो विकासमा टेवा पुग्ने खालका परिणाममुखी योजना छनौट गर्नुपर्ने उल्लेख छ । यस कार्यालयको वार्षिक नीति तथा कार्यक्रम अध्ययन गर्दा अधिकांश रु.१ लाख भन्दा तलका आयोजना छनौट गरी वितरणमुखी कार्यक्रम तयार गरेको देखियो । ऐनमा व्यवस्था भए बमोजिम परिणाम देखिने खालका दिगो विकासलाई टेवा पुग्ने योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाको ध्यान जानु पर्दछ ।

१०. **योजना छनौट**: आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता,मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम सञ्चालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ ।

यो वर्ष निम्नानुसारका ३ सहकारी संस्थाको भवन निर्माण,फर्निचर खरिद तथा घेरावाराका लागि जम्मा रु.८,४५,०००। उपलब्ध गराएको देखियो । सर्वसाधारण नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नु पर्नेमा नाफा कमाउने उदेश्यले स्थापित सहकारी संस्थालाई भवन निर्माण लगायतका कार्यको लागि रकम उपलब्ध गराएकोले उक्त योजनाबाट सर्वसाधारण नागरिकलाई भन्दा सहकारी संस्थालाई लाभ पुगेको देखियो । गाउँपालिकाले आयोजना छनौट गर्दा नागरिकलाई प्रत्यक्ष लाभ हुने कार्यमा वजेट खर्च गर्नुपर्नेमा निश्चित व्यक्ति वा संस्थालाई लाभ हुने गरी योजना छनौट गरी बजेट खर्च गरेको मनासिव मान्न सकिएन । ८,४५,०००.००

सि.नं.	सहकारी संस्थाको नाम	कामको विवरण	रकम
१	जिर्मले कृषि महिला सहकारी संस्था	भवन निर्माण	४,८५,०००।००
२	छहारी महिला कृषि सहकारी संस्था	फर्निचर खरिद	६०,०००।००
३	नवप्रतिभा बहुउदेश्यीय महिला सहकारी संस्था	कम्पाउण्ड घेरावारा	३,००,०००।००
		जम्मा	८,४५,०००।००

११. **भवन निर्माण**: सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नकोलागि आफूहरु मध्येबाट गठन गरेको समिति सम्झनुपर्ने उल्लेख छ । यसरी प्रत्यक्ष लाभग्राही समुहबाट गुणस्तरिय काम हुने र उनीहरुको जनश्रमदानको योगदान हुने निर्माण कार्यमा मात्र उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने उल्लेख छ । यस कार्यालयको सभाहल भवन निर्माण गर्ने कार्यको लागि उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई रु.२५,००,०००।०० भुक्तानी दिएको नियम सम्मत देखिएन । उपभोक्ता समितिलाई सरोकार नरहेको कार्यालय भवन निर्माण कार्य गराई भुक्तानी दिएकोमा सार्वजनिक खरिद नियमको पालना गरेको देखिएन । नियम विपरीत निर्माण कार्य गराई भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । २५,००,०००.००

१२. **भुक्तानीमा कर कट्टी**: आयकर ऐन,२०५८को दफा ८७, ८८,८९ मा तोकिएको भुक्तानीमा अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस निकायले देहायका व्यक्ति,फर्म र व्यवसायीबाट कानुन बमोजिम तोकिएको अग्रिम आयकर कट्टा गरेको नदेखिएकोले निम्नानुसार उपरोक्त ऐन बमोजिम कर असूल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ । ३९,२३४.००

भौचर नं. र मिति	भुक्तानी पाउने पदाधिकारी / कर्मचारी	विवरण	भुक्तानी रकम	कर रकम
१।०७४।५।२५	घरधनी श्री उमाकान्त अर्याल	घर भाडा	२०००।००	२००।-
१।०७४।५।२५	घरधनी श्री कर्ण बहादुर गुरुङ्	घर भाडा	५,०००।००	५००।-
१।०७४।५।२५	घरधनी श्री मनकुमारी अर्याल	घर भाडा	५,०००।००	५००।-
३।०७४।५।२६	प्रशिक्षक श्री रिना राई	पारीश्रमिक	२६,०००।००	३,९००।-
८।०७४।८।४	कर्मचारी पोशाक खर्च भुक्तानी	पोशाक	५,७७,५००।००	५,७७५।-
१६।०७४।१०।१५	हे.अ.श्री नरेन्द्र कुमार देव	सामाजिक सुरक्षा	४५,९००।००	४५९।-
१२३।०७४।११।२३	मनकामना मेडिको विराटनगर	औषधि खरिद भुक्तानी	१,२०,०००।००	१,८००।-
२१।०७५।९।९	तिलुंगे पुछार चन्द्रकला प्रा.वि. सडक निर्माण उ.स.	भाडा कर	२,६१,०००।००	२६,१००।-
			जम्मा	३९,२३४।-

१३. **सामाजिक सुरक्षा भत्ता**: अर्थ मन्त्रालयको मिति २०७४।५।३० को परिपत्र अनुसार दोश्रो चौमासिकको

लागि निकासा माग गर्दा प्रथम चौमासिकको सम्पूर्ण हिसाव विवरण र तेश्रो चौमासिकको रकम निकासा माग गर्दा दोश्रो चौमासिकको सम्पूर्ण हिसाव विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी बास्तविक रकम मात्र माग गर्ने व्यवस्था छ । यस कार्यालयले सामाजिक सुरक्षाको रकम माग गर्दा अनुमानित खर्चको अभिलेख पेश गरी निकासा लिई प्रथम र दोश्रो किस्ता पेश्की फछ्र्यौट नै नगरी तेश्रो चौमासिक निकासा लिई पेश्की दिने गरेको र सोही पेश्की फछ्र्यौट गर्दा वितरण हुन नसकी फ्रिज हुनु पर्ने रकम बाँकी रहन गएको देखिन आएकोले कार्यालयले माग गर्ने गरेको रकम यथार्थ हुन नसक्ने देखिएको छ । अतः कार्यालयले अर्थ मन्त्रालयको परिपत्र पालना गरी सामाजिक सुरक्षा रकम निकासा लिने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१३.१. सामाजिक सुरक्षा कार्यकम सञ्चालन कार्यविधि, २०७२ को दफा १५ को (ङ) मा प्रत्येक गाउँपालिकाले भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतितिधि र स्थानीय भद्र भलादमीको रोहवरमा वितरण गरेको मुचुल्का समेतको भरपाई राख्नु पर्ने ब्यवस्था छ । यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता बितरण गर्दा ल्याप्चे सहीछाप लगाई सामाजिक सुरक्षा भत्ता बितरण गरेको देखिन्छ भने सार्वजनिक मुचुल्का तयार गरेको देखिएन । अतः कार्यालयले कार्यबिधिमा भएको ब्यवस्था कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

१४. **बढी भुक्तानी:** सामाजिक सुरक्षा कार्यकम सञ्चालन कार्यविधि, २०७२ को दफा १३ को १(क) मा लाभग्रहीहरुले पाउने मासिक भत्ता दर तोकेको छ । यस गाउपालिकाले खगेश्वरा अधिकारीले दोस्रो किस्तामा पाउने मासिक भत्ता भन्दा बढी रकम बितरण गरेको देखिएको रु ८,०००।०० असूल गरी संघीय संचितकोषमा दाखिला हुनु पर्दछ । ८,०००.००

१५. **विल भर्पाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा सार्वजनिक निकायले खर्च गर्दा खर्चको विल भरपाइसहितको लेखा राख्नुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले देहाए बमोजिमका बडामा लाभग्राहीहरुको भरपाई भन्दा बढी सामाजिक सुरक्षा रकम खर्च लेखेको देखिएकोले उक्त रकम असूल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्दछ । १,३२,०००.००

वडा	किस्ता	लाभग्रहीको किसिम	बितरणको ब्यहोरा	संख्या	दर	जम्मा
१	दोस्रो	पे.फ गो. भौ. न. १७।२०७५।३।४	२२४४४०० खर्च लेखेकोमा २१८०४०० को मात्र भरपाई भएको ।	८	८०००।	६४०००।००
२	प्रथम	लोपन्मुख	१८७ जनाको भरपाई भएकोमा १९० जनाको खर्च लेखेको ।	३	८०००।	२४०००।००
३	प्रथम	लोपन्मुख	१५३ जनाको भरपाई भएकोमा १५६ जनाको खर्च लेखेको ।	३	८०००।	२४०००।००
४	दोस्रो	दलित जेष्ठ	४२ जनाको भरपाई भएकोमा ४३ जनाको खर्च लेखेको ।	१	४०००।	४०००।००
५	दोस्रो	अन्य जेष्ठ	१२४ जनाको भरपाई भएकोमा १२६ जनाको खर्च लेखेको ।	२	८०००।	१६०००।००
			जम्मा			१३२०००/

१६. **आयकर:** आयकर ऐन,२०५८को दफा ८८ र ८९ बमोजिम अन्य भाडा वा कुनै वस्तु वा सेवा वापत भुक्तानी गर्दा अग्रिम आयकर कट्टी गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस कार्यालयले कुमकुम डेकोरेशन हाउस बिर्तामोडबाट टेण्ड भाडामा लिए वापत भुक्तानी गरेको रु ४४०००।०० मा भाडा बहाल कर कटटी नगरी भुक्तानी गरेको देखिएकोले छुट हुन गएको १० प्रतिशत बहाल कर रु ४४००।०० असूल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिन्छ । ४४००.००

१७. **गाई वितरण:** रोङ् न.पा. वडा न.६ जिर्मले सलकपुर अन्तरगत ७ पशुपालक समूहसंग भएको संझौता बमोजिम विपन्न परिवारको आर्थिक जीवनस्तर उकास्न,गककाईपालनलाई प्रोत्साहित गर्दै उन्नत जातको जर्सि गाईको बाच्छी खरिद/वितरण गर्ने कार्यक्रम अन्तर्गत २० बाच्छी रु.२,००,०००।- मा खरिद गरी वितरण गरेको छ । सामुहिक हितमा उपयोग र समूहको जिम्मेवारी सहित ती बाच्छीको अनिवार्य पशु वीमा गराउने र सो को प्रगती पठाउनु पर्ने उल्लेख भएकोमा पशु वीमा गरेको देखिएन । साथै सो को अनुगमन अभिलेख पेश गरेको छैन । स्थानीय तहले लक्षित उद्देश्यका लागि गरेको लगानीको उपयोग र प्रभावकारिता सम्बन्धमा जिम्मेवार पदाधिकारीको ध्यान जानु पर्दछ ।

१८. **वित्तीय जवाफदेहिता:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा

विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले आन्तरिक आम्दानी अभिलेख व्यवस्थित नगरेको र रसिद नियन्त्रण खाता नराखेको,कार्यक्रम अनुगमन अभिलेख नराखेको, लगबुक वेगर ईन्धन खर्च लेख्ने गरेको, उपभोक्ता बाट काम गराउदा नियमले तोकेको कार्यविधि पूरा नगरेको,वडा तथा गाउँपालिका सञ्चालन खर्च तर्फको जिन्सी अद्यावधिक नगरेको,मर्मत अभिलेख नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको,गाउँपालिकाको दरबन्दी बमोजिम पदपूर्ति नभएको, जिम्मेवारी बाडफाड सहित गुणस्तर सुधारका सम्बन्धमा उपयूक्त उपायहरुको अवलम्बन नगरेको , कार्यविवरण नतोकिएको, र पूँजीगत खर्च चौमासिक रुपमा सन्तुलित ढंगले नगरी तेश्रो चौमासिकमा बढी खर्च गरेको सामाजिक सुरक्षा तर्फको अभिलेख अद्यावधिक नगरेको जस्ता व्यहोरा देखिएका छन् । नियमको व्यवस्थालाई अवलम्बन गरी वित्तीय जवाफदेहिता पालना गर्नु पर्दछ ।

११. **अद्यावधिक बेरुजू स्थिति :** रोङ गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षको बेरुजू रकम (रु.) (ए)	यो वर्ष फछ्यौंट (बि)	बाँकी (सि= ए-बी)
८३५०००.००	२५००००.००	५८५०००.००

गत वर्षसम्मको फछ्यौंट गर्न बाँकी (सि)	यो वर्षको सं प.बाट कायम (डि)	यो वर्षको कायम (ई)	बाँकी (एफ= सि+डि+ई)
५८५०००.००	०.००	४०६९०००.००	४६५४०००

रोङ गाउँपालिका इलाम
बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	इलाम	रोङ्ग गा.पा.	१७	१०	४२७४	०	२	२०५	१७	८	४०६९	७२४	३३४५	०	०	०	४०६९	०	०	०

रोङ गाउँपालिका इलाम
सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	आय			जम्मा आय	व्यय				मौज्दात
				समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५+९)
१	रोङ्ग गा.पा.	इलाम	७६१४	१५०००३	१४४८२५	७०१९	३०१८४७	१५७७४५	१०५००२	७७४०	२७०४८७	३८९७४

५८